क. कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्ने

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED

(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था)
रजिष्टर्ड कार्यालय : सन्राइज प्लाजा, गैह्रिधारा क्रसिङ्ग,काठमाण्डौं।
फोन नं.:०१-४००४५६०/६१/६२/६३/६४, फ्याक्स नं.०१-४४२२४७५
Email: info@sunrisebank.com.np, Website: www.sunrisebank.com.np
को

७ वर्ष अवधि तथा वार्षिक १०.२५% ब्याजदर भएको **"१०.२५% सन्राइज डिबेन्चर २०८३"** जारी गर्नको लागि प्रकाशित
(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# "विवरणपत्र"

सात बर्ष अवधि तथा बार्षिक १०.२५ प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ३० लाख कित्ताले हुन आउने रु. ३ अर्ब बराबरको ऋणपत्र मध्ये १८ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु. १८० करोड ऋणपूंजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा १२ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु. १२० करोड ऋणपूंजी रकम (सो मध्ये ५% अर्थात ६०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने ।

**दरखास्तसाथ प्रति ऋणपत्र रु.१,०००/–को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको।**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३८.७२ | १४१.७३ | १५०.५१ | १७६.६१ | २०४.८७ | २३५.५२ |
| प्रति शेयर आम्दानी (रु.) | १७.२६ | १८.१३ | २०.९४ | २५.८८ | २८.२६ | ३०.६५ |
| संचित नाफा नोक्सान (रु. दश लाखमा) | १,३४९ | ९४२ | १,१७५.२५ | २,२४९.७१ | ३,४६१.७७ | ४,८२९.९२ |

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुंदा यस विवरणपत्रको **दफा ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

## नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लिखित धितोपत्र सर्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानुन बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले न्यून कर्जा जोखिम **(Low Credit Risk)** जनाउने **' CARE-NP A-'** ग्रेडिङ्ग मिति २०७६/०५/२६ (२०१९/०९/१२) मा प्रदान गरेको छ । साथै यस बैंकलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले **"CARE-NP A- "**ग्रेडिङ्ग प्रदान गरेको छ, उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमा वित्तीय दायित्व पुरा गर्ने तथा न्यून कर्जा जोखिम रहने संस्थाको रुपमा लिईन्छ ।

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण **(Unsecured Debt)** भएको र कथंकदाचित् बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण **(Subordinated Debt)** भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक बैंकको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक **(Specific Charge)** अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रवालाको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७६/०६/२९
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्रदर्ता भएको मिति : २०७६/०७/०३
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०७६/०७/०१

निष्काशन खुल्ला हुने मिति: २०७६/०७/२०
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७६/०७/२४
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७६/०८/१९

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको website: <u>www.sebon.gov.np</u> बाट समेत हेर्न सकिनेछ ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेल:scl@siddharthacapital.com,वेव साइट:www.siddharthacapital.com

**ख. १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले सिद्धार्थ क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ।

ग) **"कम्पनी/बैंक"** भन्नाले निष्काशनकर्ता कम्पनी सन्राइज बैंक लिमिटेडलाई सम्झनु पर्दछ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकहरुलाई सम्झनु पर्दछ।

च)**"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले सन्राइज बैंक लिमिटेडका संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा ब्यबस्थापनलाई सम्झनु पर्दछ।

ज) **"बोर्ड"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

झ)**"आधारभुत शेयरधनी"** भन्नाले बैंकको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेको शेयरधनीलाई सम्झनु पर्दछ।

**ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर,नक्साल, काठमाण्डौं र वेवसाइटः www.siddharthacapital.com |
| २. | सन्राइज बैंक लि., सन्राइज प्लाजा गैह्रिधारा क्रसिङ्ग, काठमाण्डौं तथा बैंकको सम्पूर्ण शाखा कार्यालयहरु र वेवसाइट : www.sunrisebank.com.np |

| सि.नं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु। |

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा बिक्री प्रवन्धकले बैंकसँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरी आपसि सहमतीमा वितरण गरिने छ।

## ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई सन्राइज बैंक लि. तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र **(Due Diligence Certificate)**प्रस्तुत गरेका छौं ।

## ग.२.संगठित संस्थाको उद्घोषण :

### क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस सन्राइज बैंक लि. ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग) नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजिनक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा तथा अरु नियमनकारी निकायहरुमा पेश गरेका छौं ।

### घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

क. यस बैंकको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
ख. यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
ग. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
घ. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश बर्ष पुरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
ङ. यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ वमोजिम अयोग्य रहेका छैनन् ।

**ग.३.संगठित संस्था सम्बन्धी जानकारी :**

**(क) संगठित संस्थाको पृष्ठभूमी :**

**(१) संस्थाको नाम** : सन्राइज बैंक लिमिटेड (SUNRISE BANK LIMITED)

**(२) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:** यस बैंक कम्पनी ऐन, २०६३ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (तत्कालीन बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०६३) अन्तर्गत स्थापना भएको हो । प्रचलित कानूनको अधिनमा रही वाणिज्य (क वर्ग) बैंकको रुपमा मिति २०६४ आश्विन २० गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी मिति २०६४ आश्विन २५ गते देखि सेवा प्रदान गर्दै आएको छ ।

**(३) संस्थाको रजिष्टर्ड ठेगाना:** बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सन्राइज प्लाजा, गैह्रिधारा ऋसिङ्ग, काठमाण्डौं रहको छ ।

**(४) कारोवार गर्ने मूख्य स्थान :**

यस बैंकको कारोवार गर्ने मुख्य स्थान बागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २, गैरीधारा, काठमाण्डौमा रहेको छ । यसको अतिरिक्त बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा कार्यालयहरु खोली नेपाल भर देहायका स्थानहरुबाट आफ्नो बैंकिङ्ग कारोबार संचालन गरिरहेको छ । बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार भविष्यमा शाखाहरु विस्तार गर्न सक्नेछ ।

| क्र.सं. | नाम र ठेगाना | क्र.सं. | नाम र ठेगाना |
|---|---|---|---|
| १ | प्रधान कार्यालय गैह्रीधारा,काठमाण्डौं | ६३ | शाखा कार्यालय, दमक, झापा |
| २ | मुख्य शाखा कार्यालय, गैह्रीधारा, काठमाण्डौं | ६४ | शाखा कार्यालय, म्याङलुङ, तेह्रथुम |
| ३ | शाखा कार्यालय,धरान, सुनसरी | ६५ | शाखा कार्यालय, सुर्खेत |
| ४ | शाखा कार्यालय,बेशिशहर, लमजुङ्ग | ६६ | शाखा कार्यालय, दार्चुला |
| ५ | शाखा कार्यालय,दमौली, तनहुँ | ६७ | शाखा कार्यालय, पनौती, काभ्रेपलाञ्चोक |
| ६ | शाखा कार्यालय,तीनकुने, काठमाण्डौं | ६८ | शाखा कार्यालय, गोगँबु, काठमाण्डौ |
| ७ | शाखा कार्यालय,गावाहल, ललितपुर | ६९ | शाखा कार्यालय, कमलपोखरी, काठमाण्डौ |
| ८ | शाखा कार्यालय,कालीमाटी, काठमाण्डौं | ७० | शाखा कार्यालय, बुधबारे, झापा |
| ९ | शाखा कार्यालय,धनगढी, कैलाली | ७१ | शाखा कार्यालय कालिकास्थान, काठमाण्डौं |
| १० | शाखा कार्यालय,न्युरोड, काठमाण्डौं | ७२ | शाखा कार्यालय देउराली, कास्की |
| ११ | शाखा कार्यालय,विर्तामोड, झापा | ७३ | शाखा कार्यालय सानेपा, ललितपुर |
| १२ | शाखा कार्यालय,ईलाम, ईलाम | ७४ | शाखा कार्यालय नरैनापुर, बांके |
| १३ | शाखा कार्यालय,काकडभिट्टा, झापा | ७५ | शाखा कार्यालय विन्दबासिनी, पर्सा |
| १४ | शाखा कार्यालय,चावाहिल, काठमाण्डौं | ७६ | शाखा कार्यालय मैवाखोला, ताप्लेजुङ्ग |
| १५ | शाखा कार्यालय,महाराजगंज, काठमाण्डौं | ७७ | शाखा कार्यालय सानीभेरी, रुकुम पश्चिम |
| १६ | शाखा कार्यालय,फर्पिङ, काठमाण्डौं | ७८ | शाखा कार्यालय गुठीचौर, जुम्ला |
| १७ | शाखा कार्यालय,नारायणघाट, चितवन | ७९ | शाखा कार्यालय दुर्गाभगवती, रौतहट |
| १८ | शाखा कार्यालय,भक्तपुर, भक्तपुर | ८० | शाखा कार्यालय औरही, धनुषा |
| १९ | शाखा कार्यालय,विरगंज, पर्सा | ८१ | शाखा कार्यालय बाम्ती, रामेछाप |
| २० | शाखा कार्यालय, सुनवल, नवलपरासी | ८२ | शाखा कार्यालय चुरे, कैलाली |
| २१ | शाखा कार्यालय,वर्दिवास, महोत्तरी | ८३ | शाखा कार्यालय मार्मा, दार्चुला |
| २२ | शाखा कार्यालय,पुतलीसडक, काठमाण्डौं | ८४ | शाखा कार्यालय गोटीखेल, ललितपुर |
| २३ | शखाकार्यालय,बुढानिलकण्ठ, काठमाण्डौं | ८५ | शाखा कार्यालय जनकपुर, धनुषा |
| २४ | शाखा कार्यालय,राजविराज, सप्तरी | ८६ | शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहट |
| २५ | शाखा कार्यालय,डंडेलधुरा, डंडेलधुरा | ८७ | शाखा कार्यालय निस्दी, पाल्पा |
| २६ | शाखा कार्यालय,विराटनगर, मोरङ | ८८ | शाखा कार्यालय मोलुङ्ग, ओखलढुङ्गा |
| २७ | शाखा कार्यालय, सुन्दरबजार, लमजुङ्ग | ८९ | शाखा कार्यालय सिद्धिचरण, ओखलढुङ्गा |
| २८ | शाखा कार्यालय,बौद्ध, काठमाण्डौं | ९० | शाखा कार्यालय धनकुटा, धनकुटा |
| २९ | शाखा कार्यालय,उदयपुर, उदयपुरसिमेण्ट कारखाना | ९१ | शाखा कार्यालय धुरकोट, गुल्मी |
| ३० | शाखा कार्यालय,झुम्का, सुनसरी | ९२ | शाखा कार्यालय तुल्सीपुर, दाङ्ग |
| ३१ | शाखा कार्यालय,शंखमुल, काठमाण्डौं | ९३ | शाखा कार्यालय महाभारत, काभ्रेपलाञ्चोक |
| ३२ | शाखा कार्यालय,गोठाटार, काठमाण्डौं | ९४ | शाखा कार्यालय बराहपोखरी, खोटाङ्ग |
| ३३ | शाखा कार्यालय,गौशाला, काठमाण्डौं | ९५ | शाखा कार्यालय मिर्चैया, सिराहा |
| ३४ | शाखा कार्यालय,लगनखेल, ललितपुर | ९६ | शाखा कार्यालय प्रिती, रामेछाप |
| ३५ | शाखा कार्यालय,पोखरा, कास्की | ९७ | शाखा कार्यालय चैनपुर, बझाङ्ग |

| क्र.सं. | नाम र ठेगाना | क्र.सं. | नाम र ठेगाना |
|---|---|---|---|
| ३६ | शाखा कार्यालय,टौखेल, ललितपुर | ९८ | शाखा कार्यालय जुम्ला, जुम्ला |
| ३७ | शाखा कार्यालय,लुभु, ललितपुर | ९९ | शाखा कार्यालय लम्की, कैलाली |
| ३८ | शाखा कार्यालय, सुरुङ्गा, झापा | १०० | शाखा कार्यालय टिकापुर, कैलाली |
| ३९ | शाखा कार्यालय,भद्रपुर, झापा | १०१ | शाखा कार्यालय मनमैजु, काठमाण्डौं |
| ४० | शाखा कार्यालय,दुहवी, सुनसरी | १०२ | शाखा कार्यालय कोहलपुर, बांके |
| ४१ | शाखा कार्यालय,विराटचोक, मोरङ | १०३ | शाखा कार्यालय,वालिङ्ग, स्याङ्गजा |
| ४२ | शाखा कार्यालय,भैंसेपाटी, ललितपुर | १०४ | शाखा कार्यालय,बगर,पोखरा |
| ४३ | शाखा कार्यालय,बानियाँटार, काठमाण्डौं | १०५ | शाखा कार्यालय,ठेचो, ललितपुर |
| ४४ | शाखा कार्यालय,ज्याठा, काठमाण्डौं | १०६ | शाखा कार्यालय,राम मन्दिर लाइन, रुपन्देही |
| ४५ | शाखा कार्यालय,कलंकी, काठमाण्डौं | १०७ | शाखा कार्यालय,किन्जा, सोलुखोम्बु |
| ४६ | शाखा कार्यालय,गौर, रौतहट | १०८ | शाखा कार्यालय गट्ठाधर,भक्तपुर |
| ४७ | शाखा कार्यालय, सुख्खड, कैलाली | १०९ | शाखा कार्यालय मुलपानी, काठमाण्डौं |
| ४८ | शाखा कार्यालय,महेन्द्रनगर, कञ्चनपुर | ११० | शाखा कार्यालय सिवालय रामेछाप |
| ४९ | शाखा कार्यालय,भैरहवा, रुपन्देही | १११ | शाखा कार्यालय अत्तरिया, कैलाली |
| ५० | शाखा कार्यालय,नेपालगंज, बांके | ११२ | शाखा कार्यालय मणिग्रम, रुपन्देही |
| ५१ | शाखा कार्यालय, डुम्रे, तनहुँ | ११३ | शाखा कार्यालय कावासोती, नवलपरासी |
| ५२ | शाखा कार्यालय, वुटवल, रुपन्देही | ११४ | शाखा कार्यालय कल्यानपुर, सप्तरी |
| ५३ | शाखा कार्यालय, लहान, सिराहा | ११५ | शाखा कार्यालय सिमरा, बारा |
| ५४ | शाखा कार्यालय, गाईघाट, उदयपुर | ११६ | शाखा कार्यालय निजगढ, बारा |
| ५५ | शाखा कार्यालय, न्यूरोड पाको, काठमाण्डौं | ११७ | शाखा कार्यालय नैकाप, काठमाण्डौं |
| ५६ | शाखा कार्यालय हेटौंडा, मकवानपुर | ११८ | शाखा कार्यालय कुपण्डोल,ललितपुर |
| ५७ | शाखा कार्यालय, भरतपुर चितवन (हाकिम चोक) | ११९ | शाखा कार्यालय तम्घास, गुल्मी |
| ५८ | शाखा कार्यालय, इटहरी, सुनसरी | १२० | शाखा कार्यालय बुढीबजार, कास्की |
| ५९ | शाखा कार्यालय, टाँडी, चितवन | १२१ | शाखा कार्यालय कुश्मा, पर्वत |
| ६० | शाखा कार्यालय, खुसिबु, काठमाण्डौ | १२२ | शाखा कार्यालय बानेश्वर, काठमाण्डौं |
| ६१ | शाखा कार्यालय, सितापाइला, काठमाण्डौ | १२३ | शाखा कार्यालय मन्थली, सिन्धुपालचोक |
| ६२ | शाखा कार्यालय, अत्तरखेल, काठमाण्डौ | | |

**(५) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

सन्राइज बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४ श्रावण २८ गते नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वाणिज्य बैंकको रुपमा मिति २०६४ आश्विन २० गते वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी मिति २०६४ आश्विन २५ गते देखि सेवा प्रदान गर्दै आएको छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछ :-

क) बैंकको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रूपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने र

(घ) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

अन्य मुख्य उद्देश्यहरु बैंकको प्रबन्धपत्रमा उल्लेख भए अनुसार रहने छन् ।

**(६) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

**क) सहायक कम्पनीको नामः** सन्राइज क्यापिटल लिमिटेड

**ख) सहायक कम्पनीका ईतिहास, मुख्य उद्देश्यहरु र भएका लगानीको अंशः**

साबिक मूल कम्पनी एन.आई.डि.सी.क्यापिटल मार्केट्स लिमिटेडले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रुपमा कार्य गर्दै आइरहेकोमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्न छुट्टै सहायक कम्पनी स्थापना गरी संचालन गर्ने सम्बन्धमा जारी परिपत्रानुसार सहायक कम्पनी एन.सि.एम.मर्चेन्ट एण्ड बैंकिङ्ग लि.को नाममा एन.आई.डि.सी.क्यापिटल मार्केट्स लिमिटेडको ७८.५७ प्रतिशत अर्थात रु. ५,५०,००,०००/– तथा एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेडको २१.४३ प्रतिशत अर्थात रु. १,५०,००,०००/– गरी जम्मा चुक्ता पुँजी रु.७,००,००,०००/-(अक्षरेपी सात करोड रुपैंया मात्र) कायम गरी स्थापना गरिएको । मिति २०६७/०६/१७ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०६७/०६/२६ गते नेपाल धितोपत्र बोर्डमा अनुमति प्राप्त गरी मिति २०६७/०७/०९ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट संचालन अनुमति प्राप्त भई २०६७ कार्तिक ११ गते देखि स्थापित एन.सि.एम.मर्चेन्ट एण्ड बैंकिङ्ग लि. मा कार्य सम्पन्न गरी आएको ।

साबिक मूल कम्पनी एन.आई.डि.सी. क्यापिटल मार्केट्स लिमिटेडलाई सनराईज बैंक लिमिटेडले मिति २०७३/१०/२८ गते प्राप्ति गरे पश्चात एकृकित कारोबार सम्पन्न भई यस कम्पनी हाल सनराइज बैंक लिमिटेडको सहायक कम्पनीमा परिणत भएको । सन्राइज क्यापिटलमा परिणत भए पश्चात कम्पनीको चुक्ता पुँजी रकम रु.२०,००,००,०००/-(अक्षरेपी बीस करोड रुपैंया मात्र) कायम भई संचालनमा रहेको ।

यस कम्पनी स्थापना पश्चात सन्राइज बैंक लिमिटेडबाट दिंदै आएको निक्षेप सेवा, बैंक र यस कम्पनी बीच भएको सम्झौता अनुसार सो सम्बन्धी सम्पूर्ण सेवा यस लिमिटेडबाट प्रदान गर्न सुरु गरियो । साथै नियमनकारी निकायको मापदण्ड पूरा गरी श्री नेपाल धितोपत्र बोर्डबाट निक्षेप सदस्य, निष्काशन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन, शेयर रजिष्ट्रार, प्रत्याभूतिकर्ता तथा श्री सन्राइज बैंक लिमिटेड अन्तर्गत सामुहिक लगानी कोष प्रवर्धकको रुपमा कार्य गर्न समेत अनुमति प्राप्त गरेको छ ।

यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

क) धितोपत्र बोर्डबाट स्वीकृतीलिई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र व्यवसाय, बजार निर्माता, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापन, धितोपत्रको प्रत्याभुतिकर्ताको रुपमा कार्य गर्ने ।

ख) कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्धन सम्बन्धी सहयोग गर्ने ।

ग) लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।

घ) लगानीकर्ताहरुलाई पुँजी बजार तर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य संचालन गर्ने ।

ङ) नयाँ तथा हाल कायम पुँजी बजारमा सम्बन्धित सेवाको बिकास विस्तार गर्न नेपाल धितोपत्र बोर्डसंग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्विकृत प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।

च) उपलब्ध शिप, श्रम तथा पुँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा पुँजी बजारसंग सम्वद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशको पुँजी बजारको समग्र बिकासका लागि सक्रिय रुपमा संचालन भई सहयोग पुऱ्याउने ।

**(७) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म) :**

**(क)संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

बैंकले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह, रकमान्तर, विप्रेषण तथा अन्य बैंकिङ्ग सेवाहरु रहेका छन् । साथै बैंकले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

**(ख) प्रयोग भएको वा गरिने प्रविधि :**

बैंक सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड १ मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न ।

**(ग) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

सो नभएको ।

**(घ) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः**

हाल सम्मको तथ्याङ्क अनुसार कुल निक्षेप (विदेशी मुद्राको निक्षेप सहित) को २.९५% हिस्सा कम्पनीको रहेको छ । साथै, कर्जा तथा सापट अन्तर्गत हालसम्म कम्पनीले कुल बजारको ३.०५% हिस्सा ओगटेको छ ।

**(ङ) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः**

समय सापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

**(च) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

बैंकको प्रमुख बजार नेपाल राज्यभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै लैजाने बैंकको लक्ष्य रहेको छ ।

**(छ) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

बैंकिङ्ग क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका संचालक/व्यवस्थापन दक्षताको आधारमा यस कम्पनीले स्थापनाकाल देखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको देखिन्छ ।

**(ज) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

लागू नहुने ।

**(झ)गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

स्तरीय बैंकिङ्ग सेवाका लागि ग्राहक सेवा बिभाग स्थापना गरी संचालनका साथै ग्राहक गुनासो सुनुवाई डेस्क समेत रहेको ।

**(ञ)अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमीमा बैंकले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाईरहेको छ ।

**(ट) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

सो नभएको ।

**(ठ) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरणः**

बैंकमा सुमधुर औद्योगिक सम्बन्ध रहेको साथै विगतमा मजदुर संगठन संग कुनै प्रकारको उल्लेख्य औद्योगिक विवाद नरहेको ।

**(ड) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

अत्याधिक प्रतिस्पर्धा रहेको हालको वित्तीय बजारमा सफलता पूर्वक आफ्नो पहिचान स्थापित गरी वित्तीय व्यवसाय संचालन गरिरहेको । यस सम्बन्धमा बैंकको हालसम्मको प्रगती विवरण लगायत वर्तमान बजारमा बैंकको अवस्थाको पुष्टी बैंकको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ ।

यस बैंकको २०७६ आषाढ मसान्त सम्म निक्षेप तथा कर्जा तथा सापट देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | मार्केट शेयर |
|---|---|---|
| १. | निक्षेप | २.८२% |
| २. | कर्जा तथा सापट | २.७३% |

**(ढ) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण ।) :**

सो नभएको ।

**(ण) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :**

सो नभएको ।

**(ख) सम्पत्तिको विवरण :**

**(१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

कम्पनीको आषाढ ३१, २०७६ को सम्पत्ति तथा सम्पत्ति रहेको स्थान तथा अवस्था यसप्रकार रहेको छ ।

**रु. दश लाखमा**

| सम्पत्ति | आषाढ मसान्त २०७६ |
|---|---|
| नगद तथा नगद समान | ६,३५७ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने रकम | ३,२४१ |
| बैंक तथा वित्तीय संस्थामा गरेको लगानी (प्लेसमेन्ट) | १,१६५ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण | ९४ |
| अन्य व्यापारिक सम्पत्तिहरु | - |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | १,१५० |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ६८,८६६ |
| लगानी | ११,७२४ |
| यस आ.व. को आयकर सम्पत्ति | ८५ |
| सहायक कम्पनीमा लगानी | १५७ |
| सम्बद्ध कम्पनीमा लगानी | - |
| लगानी सम्पत्ती (इन्भेष्टमेन्ट प्रोपर्टि) | ३९८ |
| सम्पत्ति तथा उपकरण (स्थिर सम्पत्ति) | ९१९ |
| गुडवील (ख्याती) र अर्मुत सम्पत्ति | ६८ |
| स्थगन कर सम्पत्ति | ३ |
| अन्य सम्पत्ति | ३८४ |
| **जम्मा सम्पत्ति** | **९४,६११** |

(२) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि ( मिति समेत उल्लेख गर्नु पर्ने)** : माथि उल्लेखित सम्पत्तिहरु आफ्नै स्वामित्वमा रहेको र लिजमा कुनै सम्पत्ति नलिएको ।

(३) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः** लागू नहुने ।

(४) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण** : यस बैंकको सम्पत्तिको पुनर्मूल्यांकन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

(५) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : लागू नहुने ।

**(ग) भावी योजना तथा रणनिती:**

**(१) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

**क) नयाँ उत्पादन तथा सेवाहरु :** प्रविधिमा आधारित नवीनतम उत्पादन तथा सेवाहरु ल्याउन बैंक प्रयत्नशील छ । बैकिङ्ग सेवाको पहुँच नपुगेको वा नभएको जनता माझ सरल, सुलभ र भरपर्दो बैंकिङ्ग सेवा पुयाउने बैंकको जोड रहने छ ।

**ख)शाखा सँजालः** बैंकको पहुंच नभएका ठाउँहरुमा आफनो उपस्थिति जनाउँदै जाने उद्देश्यले आवश्यकता अनुसार सञ्जाल बढाउँदै लैजाने बैंकको कार्यक्रम छ ।

**ग)डेबिट केडिट कार्ड :** बजारमा आफ्नो बलियो उपस्थितिलाई कायम राख्न आफ्नो कार्ड व्यवसायलाई व्यापकरुपमा विस्तार गर्दै जाने प्रयासमा बैंक लागेको छ । आफनो राष्ट्रिय भुक्तानी सञ्जालमा सदस्य संख्या बढाउदै लैजान बैंक प्रयत्नशील छ । यसबाट बैंकको ग्राहक संख्या र आम्दानी वृद्धिमा सहयोग पुग्नेछ ।

**घ)एटिएम सञ्जालः** आफ्ना ग्राहकवर्गहरुलाई बढी सुविधा प्रदान गर्ने बैंकको रणनितिअनुरुप उपत्यकाभित्र तथा बाहिर एटिएम जडान गर्दै जाने योजना बैंकको रहेको छ ।

**ङ)सूचना प्रविधिमा आधारित सेवाः** बैंकले नविनतम प्रविधिको माध्यमबाट आफ्नो ग्राहकहरुलाई Value Added Services जस्तै Online Loan Application Processing प्रणाली प्रदान गर्ने ध्येय राखेको छ ।

**च)विप्रेषण :** विप्रेषण व्यवसायमा आफनो बजार अंश बढाउँदै लैजान बैंकले आवश्यकता अनुसार देश भरी विप्रेषण वितरक एजेण्ट पुऱ्याउने योजना गरेको छ । यस्तो विप्रेषण सञ्जाललाई दुर्गम क्षेत्रहरु सम्म विस्तार गर्ने योजना गरिरहेको छ ।

**छ)अन्य व्यवसायः** बैंकिङ्ग उद्योगमा बढदै गएको प्रतिस्पर्धाले गर्दा आफ्नो वित्तीय स्थितिलाई उपयुक्त स्थितिमा राख्न बैंकहरुलाई लगानीका अरु क्षेत्र खोज्नुपर्ने हुन गएको छ ।

**(२) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्यः**

बैंक तथा वित्तीय संस्थाको उल्लेख्य बृद्धिले अर्थतन्त्रमा सकारात्मक प्रभाव पारको छ । सकारात्मक प्रभाव पारेतापनि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय घटनाक्रमहरुमा आउने उतार चढावले यस क्षेत्रलाई प्रभावित गरेको देखिन्छ । फलस्वरुप अबका दिनहरु आर्थिक उन्नती, विकास निर्माण र नयाँ नेपाल निर्माणको लक्ष्यमा अगाडी बढ्ने प्रतिवद्धता सम्बन्धित पक्षहरुले जाहेर गरिसकेको स्थितिमा, नेपालको आर्थिक बृद्धिदर सहित अन्य सम्बृद्धिका सूचकांकहरु सकारात्मक रहने कुरामा आशावादी हुन सकिन्छ ।

उपरोक्त वातावरणले देशभरी नै उद्योग, व्यापार, व्यवसाय, कृषि एवं समग्र अर्थतन्त्र चलायमान हुने र यसले बढी भन्दा बढी समुदायलाई बैंकिङ्ग क्षेत्रभित्र समेट्ने अवसर प्रदान गर्ने देखिन्छ । यसबाट बैंकहरुको आर्थिक क्रियाकलापमा प्रशस्त सम्भावनाहरु उजागर हुने अनुमान पनि गर्न सकिन्छ । यस बैंकले आफ्नो व्यापार र व्यवसाय अभिवृद्धि गरी आफ्ना ग्राहकवर्गहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपका बैंकिङ्ग सेवा तथा सुविधाहरु उपलब्ध गराउन सक्ने क्षमता राख्दछ ।

नेपाल राष्ट्र बैंकको निर्देशनानुसार बैंकको चुक्ता पूँजी रु. ८ अर्ब पुऱ्याउनु पर्ने व्यवस्था बमोजिम बैंकिङ्ग क्षेत्रमा आएको परिवर्तन, निक्षेपको तरलता तथा बैंकलाई आफ्नो पूँजीमा प्रतिफल कायम राख्ने चुनौती जस्ता कारणहरुले बैंकहरु बीच प्रतिस्पर्धा अझ बढेको छ । सोही कारणले गर्दा यस कम्पनीले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न आफ्नो दीर्घकालीन रणनीति २०७७-७८ लागू गरी सोही बमोजिम कार्य गर्दै अघि बढेको छ । सोही रणनीति बमोजिम बैंकले शाखा तथा एटीएम विस्तार गर्ने, व्यक्तिगत र साना तथा मझौला कर्जामा वृद्धि र चल्ती तथा बचत निक्षेपमा वृद्धि गर्दै लगेको छ । साथै, ग्राहकको सन्तुष्टि तथा अनुभवको आधारमा उच्च मूल्याङ्कन गर्दै समय सापेक्ष रुपमा बैंकको कार्य नीति परिवर्तन तथा परिमार्जन गर्दै ग्राहकको पहिलो रोजाईको बैंक बन्ने तथा सोका लागी आवश्यक बैंकको आन्तरिक कार्य प्रणालीलाई थप सरल तथा चुस्त बनाउने नीति अवलम्बन गरेको छ । बैंकले निरन्तर रुपमा कर्मचारीको कार्य क्षमता अभिवृद्धिका लागि आफ्ना कर्मचारीहरुलाई विभिन्न तालिम प्रदान गर्दै आएको छ । बैंकले अवलम्बन गरेको यही दीर्घकालीन रणनीतिका कारण बैंकलाई रणनीतिक फाइदा प्राप्त भएको छ र दीर्घकालीन रुपमा बैंकको वित्तीय अवस्था तथा मुनाफा स्थिर राख्नमा ठूलो टेवा पुग्ने विश्वास छ । बैंक आफ्नो आन्तरिक कार्य प्रणाली तथा नियन्त्रण प्रणालीलाई थप चुस्त पार्दै आफ्नो लगानीमा रहेको जोखिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न स्थान ओगट्ने कुरामा दृढ रहेको छ ।बैंकले प्रक्षेपित वित्तीय विवरण तयार गर्दा तलका बुदाँका आधारमा गरेको छ :

(क) बैंकको भावी योजनाहरु, विगतका बर्षहरुको कारोवारको बृद्धि, बैंकले गरेको आम्दानी एबम् बैंकको शाखा संजाल विस्तार गर्ने रणनीति, चालु बर्षको प्रगति तथा नेपाल सरकारद्धारा प्रक्षेपित वित्तीय आँकडालाई आधार मानेको छ ।

(ख) बैंकले कर्जा निक्षेप अनुपात, ब्याज दर अन्तर, बैधानीक तरलता अनुपात, अनिवार्य नगद मौज्दात, पूँजीकोष अनुपात तथा निष्क्रिय कर्जा प्रतिशत नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम गरी वित्तीय विवरणको प्रक्षेपण गरेको हो ।
(ग) भविष्यमा हुन सक्ने सम्भावित अनुमानीत परिदृष्यको आधारमा वित्तीय विवरणको प्रक्षेपण तयार गरेको हो ।

यस बैंकको २०७६ आषाढ मसान्त सम्म निक्षेप तथा कर्जा तथा सापट देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **विवरण** | **मार्केट शेयर** |
|---|---|---|
| १. | निक्षेप | २.८२% |
| २. | कर्जा तथा सापट | २.७३% |

**(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्थाः**

यस बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति देहाय बमोजिम रहकोछ :–

| | |
|---|---|
| 'क' समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ३ जना |
| 'ख' समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ३ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

बैंकको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार संचालक पदमा नियुक्त हुनको लागि कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र संचालकको हकमा यो व्यवस्था लागु हुनेछैन ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारीः**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी** : बैंकको अधिकृत पूँजी रु.१०,०००,०००,०००/– (अक्षरेपी दश अर्बरुपैया मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका १००,०००,००० (दश करोड) कित्ता साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

**जारी पूँजी :** बैंकको जारी पूँजी रु. ८,१५,२५,५५,८५१/– (अक्षरेपी आठ अर्ब पन्ध्र करोड पच्चीस लाख पचपन्न हजार आठ सय एकाउन्न रुपैयाँ मात्र) रहेकोछ । जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका ८,१५,२५,५५९ (आठ करोड पन्ध्र लाख पच्चीस हजार पाँच सय उनान्साठ्ठी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी**: हाल बैंकको चुक्ता पूँजी रु.८,१५,२५,५५,८५१/- (अक्षरेपी आठ अर्ब पन्ध्र करोड पच्चीस लाख पचपन्न हजार आठ सय एकाउन्न रुपैयाँ मात्र) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/– अंकित मूल्यका ८,१५,२५,५५९ (आठ करोड पन्ध्र लाख पच्चीस हजार पाँच सय उनान्साठ्ठी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ ।**

| **आर्थिक वर्ष** | **अधिकृत पूँजी (रु.)** | **जारी पूँजी (रु.)** | **चुक्ता पूँजी (रु.)** | **मिति** |
|---|---|---|---|---|
| २०६४/०६५ | २,००,००,००,०००/- | १,००,००,००,०००/- | ७०,००,००,०००/- | २०६४/०६/२१ |
| २०६५/०६६ | ५,००,००,००,०००/- | १,५०,००,००,०००/- | १,०५,००,००,०००/- | २०६५/०७/०८ |
| २०६६/०६७ | ५,००,००,००,०००/- | २,००,००,००,०००/- | २,००,००,००,०००/- | २०६६/०९/१७ |
| २०६७/०६८ | ५,००,००,००,०००/- | २,०१,५०,००,०००/- | २,०१,५०,००,०००/- | २०६७/०८/२१ |
| २०७०/०७१ | ५,००,००,००,०००/- | २,४६,०३,१५,०००/- | २,४६,०३,१५,०००/- | २०७१/०१/२१ |
| २०७१/०७२ | ५,००,००,००,०००/- | २,८२,९३,६२,३००/- | २,८२,९३,६२,३००/- | २०७२/०२/३१ |
| २०७२/०७३ | ५,००,००,००,०००/- | ३,३५,८३,३०,१००/- | ३,३५,८३,३०,१००/- | २०७२/०७/३० |
| २०७२/०७३ | ५,००,००,००,०००/- | ३,९७,६०,४९,७४१/- | ३,९७,६०,४९,७४१/- | २०७३/०२/२० |
| २०७३/०७४ | १०,००,००,००,०००/- | ६,८९,१८,१३,६८४/- | ६,८९,१८,१३,६८४/- | २०७३/०७/०७ |
| २०७३/०७४ | १०,००,००,००,०००/- | ७,०८,९१,७५,७००/- | ७,०८,९१,७५,७००/- | २०७३/०९/२५ |
| २०७४/०७५ | १०,००,००,००,०००/- | ८,१५,२५,५५,८५१/- | ८,१५,२५,५५,८५१/- | २०७४/०९/०३ |

**ख) निष्काशन पछिको चुक्ता चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**ऋणपत्र निष्काशन गर्नु पूर्व बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| **समूह** | **शेयरधनीहरू** | **शेयर कित्ता** | **पूंजी संरचना** | **चुक्ता रकम (रू.)** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | ४,१६,५८,९०४.८४ | ५१.१०% | ४,१६,५८,९०,४८४ | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | ३,९८,६६,६५३.६७ | ४८.९०% | ३,९८,६६,६५३६७ | शतप्रतिशत |
| | **जम्मा** | **८,१५,२५,५५९** | **१००.००%** | **८,१५,२५,५५,८५१** | |

**ऋण पूँजी :**

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|
| १०% सन्राइज डिबेन्चर–२०८० | रु.१,००,००,००,०००/- | शतप्रतिशत |
| **जम्मा** | **रु.१,००,००,००,०००/-** | |

ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

| समूह | शेयरधनीहरू | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रू.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | ४,१६,५८,९०४.८४ | ५१.१०% | ४,१६,५८,९०,४८४ | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | ३,९८,६६,६५३.६७ | ४८.९०% | ३,९८,६६,६५३६७ | शतप्रतिशत |
| | **जम्मा** | **८,१५,२५,५५९** | **१००.००%** | **८,१५,२५,५५,८५१** | |

**ऋण पूँजी :**

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|
| १०% सन्राइज डिबेन्चर २०८० | रु.१,००,००,००,०००/ | शत प्रतिशत |
| *१०.२५% सन्राइज डिबेन्चर २०८३ | रु.३,००,००,००,०००/- | निष्काशन प्रकृयामा |
| **जम्मा** | **रु.४,००,००,००,०००/-** | |

*यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात)** : निष्काशन पूर्व शेयर प्रिमियम खातामा ने. रु. १२,७१,६१,०६५ रकम रहेको । निष्काशन पश्चात उक्त खातामा कुनै परिवर्तत नहुने ।

**ग.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**(क) संस्थापक/संचालकको पृष्ठभूमीः**

**(१) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| क्र. सं. | आधारभूत शेयरधनीको नाम र ठेगाना | राष्ट्रियता | संस्थापक शेयर संख्या | सर्वसाधारण शेयर | कूल शेयर संख्या | उमेर | शैक्षिक योग्यता | व्यवसायीक अनुभव | पेशा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मोतीलाल दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | नेपाली | ३५,२६,२५२ | १३,१३,७०० | ४८,३९,९५२ | ७३ वर्ष | वाणिज्य शास्त्रमा स्नातक | अध्यक्ष- एम.भि. दुगड ग्रुप, गुराँस ईन्जिनियर्स प्रा.लि., नुम्बुर हिमालय हाइड्रो पावर कं. प्रा. लि., पान हिमालय ईनर्जी प्रा. लि., ग्लोबल हाइड्रोपावर एसोसिएट्स प्रा. लि., नासा हाइड्रो पावर प्रा. लि., कोहिनुर कोल्ड स्टोरेज प्रा.लि., दुगड अटो क्लिनिक प्रा.लि., दुगड अटोमोबाइल्स प्रा.लि., दुगड ब्रदर्श एण्ड सन्स प्रा. लि., चन्दनवाला ईन्टरनेशनल, संरक्षक, जैन श्वेताम्बर तेरापंथी महासभा, उपाध्यक्ष, नेपाल-संयुक्त राज्य अमेरिका चेम्बर अफ कमर्श, उपाध्यक्ष- वीरायतन नेपाल, पूर्व अध्यक्ष-भगवान महावीर जैन निकेतन,साथै, उद्योग व्यापार क्षेत्रमा ५० वर्ष देखिको अनुभव । अटोमोबाइल क्षेत्रमा विश्व प्रसिद्ध कम्पनीहरु जस्तै महिन्द्रा, जोनडियर, रोयल एनफिल्ड, पियाज्जियो, लेइका, माइनमास्टर, | ब्यापार व्यवसाय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | किर्लोस्कर आदिका नेपाल प्रतिनिधि । | |
| २ | मालचन्द दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | नेपाली | २६,६३,७२७ | १२,२४,५५१ | ३८,८८,२७८ | ६६ बर्ष | वाणिज्य शास्त्रमा स्नातक | अध्यक्ष- टि. एम. दुगड ग्रुप, दुगड फुड एण्ड बेभरेव प्रा. लि., अध्यक्ष -एड्विक एक्जिम इन्टरनेशनल प्रा.लि, अध्यक्ष- श्रीष वेयरहाउजिङ्ग सोल्युसन्स प्रा.लि., अध्यक्ष- पूजा वेयरहाउजिङ्ग सोल्युसन्स प्रा.लि., अध्यक्ष- अमृत पल्सेस इण्डष्ट्रिज, अध्यक्ष- श्रीष कोल्ड स्टोरेज, अध्यक्ष- नेपाल सालसिड आयल प्रा.लि., प्रोपाईटर- कोहिनुर राईस मिल, साझेदार नवकार इन्टरनेशनल, साथै उद्योग, ब्यापार, व्यवसायमा विगत ४६ वर्ष लामो समयको अनुभव । | व्यापार व्यवसाय |
| ३ | श्रवण कुमार गोयल का.जि.का.म..न.पा. बत्तीसपुतली | नेपाली | २४,७८,०२९ | ८,७७,०५९ | ३३,५५,०८८ | ५२ बर्ष | प्रविणता प्रमाण पत्र तह | सन्राइज बैंकमा संचालकको रुपमा कार्य गरेको तथा व्यापार व्यवसाय सम्बन्धी अनुभव | व्यापार व्यवसाय |
| ४ | कैलास चन्द्र गोयल का.जि.का.म..न.पा. बत्तीसपुतली | नेपाली | २८,०६,३९५ | ५,४४,७०२ | ३३,५१,०९७ | ५५ बर्ष | साधारण लेख पढ | व्यापार व्यवसाय सम्बन्धी अनुभव | व्यापार व्यवसाय |
| ५ | विवेक दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | नेपाली | १८,७३,९०२ | ८,१४,८७० | २६,८८,७७२ | ४४ बर्ष | स्नातक | व्यापार व्यवसायको अनुभव | व्यापार व्यवसाय |
| ६ | सुरेन्द्रा दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | नेपाली | १५,३५,९३२ | ७,८४,५२७ | २३,२०,४५९ | ६१ बर्ष | आई.कम | व्यापार, व्यवसायको अनुभव । | व्यापार |
| ७ | बच्छराज तातेड का.जि.का.म.न.पा. वडा नं. ११ थापाथलीमार्ग | नेपाली | १४,६३,१७५ | ५,४५,१०० | २०,०८,२७५ | ६७ बर्ष | ईन्जीनियर बी.ई | अध्यक्ष-तातेड ग्रुप, साउथ एशिया ईन्फ्रास्ट्रक्चर प्रा.लि., रिद्धि खोला हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि., विशाल प्लाष्टो क्याव इण्डष्ट्रिज प्रा.लि., संचालक-अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि., रैराङ्ग हाइड्रो पावर डेभलपमेन्ट कम्पनी प्रा. लि., अरुण काबेली हाइड्रोपावर लि. । साथै वहाँ सिभिल इन्जिनियरको हैसियतमा नेपाल सरकारको सिंचाई विभागमा करिव एक वर्ष संलग्न, कन्ट्रक्सन सेक्सन चिफको हैसियतमा कृषि | व्यापार व्यवसाय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | विकास बैंक लि. मा करिब २४ वर्ष संलग्न । | |
| ८ | निधि दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | नेपाली | १०,४२,६९६ | ४,१६,५५५ | १४,५९,२५१ | ३५ बर्ष | स्नातक | टुरिजम व्यवसायको अनुभव | गृहिणी |
| ९ | पुजा दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | नेपाली | ९,७५,४४७ | ४,०४,५१९ | १३,७९,९६६ | ४२ बर्ष | स्नातक | व्यापार व्यवसायको अनुभव | गृहिणी |
| १० | श्रद्धा दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | नेपाली | ९,७५,४४७ | ३,८१,११० | १३,५६,५५७ | ३८ बर्ष | स्नातक | व्यापार व्यवसायको अनुभव | गृहिणी |
| ११ | सौरभ तातेड का.जि.का.म.न.पा. वडा नं. ११ थापाथलीमार्ग | नेपाली | ९,७५,४५० | ३,६३,३९९ | १३,३८,८४९ | ३७ बर्ष | ए.सि.सि.ए. | व्यापार व्यवसाय सम्बन्धी अनुभव | व्यापार व्यवसाय |
| १२ | विशाल तातेड का.जि.का.म.न.पा. वडा नं. ११ थापाथलीमार्ग | नेपाली | ९,७५,४५० | ३,६३,३९९ | १३,३८,८४९ | ४२ बर्ष | स्नातकोत्तर | व्यापार व्यवसाय सम्बन्धी अनुभव | व्यापार व्यवसाय |
| १३ | विवेक तातेड का.जि.का.म.न.पा. वडा नं. ११ थापाथलीमार्ग | नेपाली | ९,७५,४५० | ३,६३,३९९ | १३,३८,८४९ | ४१ र्ब्ष | स्नातकोत्तर | व्यापार व्यवसाय सम्बन्धी अनुभव | व्यापार व्यवसाय |
| १४ | श्रीनिवाश शारडा लहान, ६ | नेपाली | ९,७५,४४९ | ३,६३,३९९ | १३,३८,८४८ | ६५ बर्ष | स्नातक | व्यापार व्यवसायको अनुभव | व्यापार व्यवसाय |
| १५ | जमुना पौड्याल महाराजगंज ३, काठमाण्डौं | नेपाली | ९,५६,३४६ | १,७३,५४३ | ११,२९,८८९ | ४४ बर्ष | स्नातकोत्तर | यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) नेपालमा ईस्वी सम्वत २००३ देखि हाल सम्म कार्यरत (हाल कार्यक्रम निर्देशक पदमा कार्यरत ) | कानून व्यवसाय ी |
| १६ | सरोज दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | नेपाली | ७,६६,८८४ | २,८२,७०७ | १०,४९,५९१ | ६४ बर्ष | साक्षर | व्यापार व्यवसायको अनुभव | गृहिणी |
| १७ | राधेश्याम शारडा लहान ६ | नेपाली | ६,९५,८८४ | २,५९,२५३ | ९,५५,१३७ | ६५ बर्ष | एस.एल.सी. | व्यापार व्यवसायको अनुभव | व्यापार व्यवसाय |
| १८ | पवन कुमार शारडा लहान ६ | नेपाली | ६,९५,८८४ | २,५९,२५३ | ९,५५,१३७ | ६० बर्ष | स्तातक | व्यापार व्यवसायको अनुभव | व्यापार व्यवसाय |
| १९ | भोगेन्द्र कुमार गुरागाईं महांकाल वडा नं. ६, काठमाण्डौं | नेपाली | ६,६५,९३२ | २,४८,०९० | ९,१४,०२२ | ६० बर्ष | एम.बि.बि.ए स, एम. एस्सी. | अध्यक्ष-न्यादी ग्रुप पावर लि., अध्यक्ष-रिभरफल्स पावर लि., अध्यक्ष-सिउरी न्यादी पावर प्रा. लि., शुभम् पावर लि., अध्यक्ष-काठमाण्डु फन भ्याली प्रा.लि., संचालक, बरुण हाइड्रोपावर लि. । यूरोप, अमेरिका र क्यानाडाका एक दर्जन बढी विश्वविद्यालयमा भिजिटिङ प्राध्यापकको अनुभव । संयुक्त राष्ट्रसंघ अन्तरगतका विभिन्न एजेन्सिहरुमा कार्य गरेको अनुभव । | व्यापार व्यवसाय |
| २० | शिवरतन शारडा लहान ६ | नेपाली | ६,९५,८८३ | २,०७,२२९ | ९,०३,११२ | ६९ बर्ष | स्नातक | व्यापार व्यवसायको अनुभव | व्यापार व्यवसाय |

**संचालकहरुको विवरण:**

| क्र.सं. | संचालकहरुको नाम र ठेगाना | पद | राष्ट्रियता | संस्थापक शेयर संख्या | सर्वसाधारण शेयर | कूल शेयर संख्या | उमेर | शैक्षिक योग्यता | व्यवसायीक अनुभव | पेशा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मोतीलाल दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | अध्यक्ष ( संस्थापक समुह) | नेपाली | ३५,२६,२५२ | १३,१३,७०० | ४८,३९,९५२ | ७३ बर्ष | वाणिज्य शास्त्रमा स्नातक | अध्यक्ष- एम.भि. दुगड ग्रुप, गुराँस ईन्जिनियर्स प्रा.लि., नुम्बुर हिमालय हाइड्रो पावर कं. प्रा. लि., पान हिमालय ईनर्जी प्रा. लि., ग्लोबल हाइड्रोपावर एसोसिएट्स प्रा. लि., नासा हाइड्रो पावर प्रा. लि., कोहिनुर कोल्ड स्टोरेज प्रा.लि., दुगड अटो क्लिनिक प्रा.लि., दुगड अटोमोबाइल्स प्रा.लि., दुगड ब्रर्दश एण्ड सन्स प्रा. लि., चन्दनवाला ईन्टरनेशनल, संरक्षक, जैन श्वेताम्बर तेरापंथी महासभा, पूर्व अध्यक्ष-भगवान महावीर जैन निकेतन, उपाध्यक्ष, नेपाल-संयुक्त राज्य अमेरिका चेम्बर अफ कमर्श, उपाध्यक्ष- वीरायतन नेपाल, साथै, उद्योग व्यापार क्षेत्रमा ५० वर्ष देखिको अनुभव । अटोमोबाइल क्षेत्रमा विश्व प्रसिद्ध कम्पनीहरु जस्तै महिन्द्रा, जोनडियर, रोयल एनफिल्ड, पियाज्जियो, लेइका, माइनमास्टर, किर्लोस्कर आदिका नेपाल प्रतिनिधि । | व्यापार व्यवसाय |
| २ | श्री मालचन्द दुगड का.जि.का.म.न.पा. वडा नं. १ नक्साल | संचालक ( संस्थापक समुह( | नेपाली | २६,६३,७२७ | १२,२४,५५१ | ३८,८८,२७८ | ६६ बर्ष | वाणिज्य शास्त्रमा स्नातक | अध्यक्ष- टि. एम. दुगड ग्रुप, दुगड फुड एण्ड वेभरेव प्रा. लि., अध्यक्ष -एड्विक एक्जिम इन्टरनेशनल प्रा.लि, अध्यक्ष- श्रीष वेयरहाउजिङ्ग सोल्युसन्स प्रा.लि., अध्यक्ष- पूजा वेयरहाउजिङ्ग सोल्युसन्स प्रा.लि., अध्यक्ष- अमृत पल्सेस इण्डष्ट्रिज, अध्यक्ष- श्रीष कोल्ड स्टोरेज, अध्यक्ष- नेपाल सालसिड आयल प्रा.लि., प्रोपाईटर- कोहिनुर राईस मिल, साझेदार नवकार इन्टरनेशनल, साथै उद्योग, व्यापार, व्यवसायमा विगत ४६ वर्ष लामो समयको अनुभव । | व्यापार व्यवसाय |
| ३ | श्री ई. बच्छराज तातेड का.जि.का.म.न.पा. वडा नं. ११ थापाथलीमार्ग | संचालक संस्थापक समुह | नेपाली | १४,६३,१७५ | ५,४५,१०० | २०,०८,२७५ | ७० बष | ईन्जीनियर बी.ई. | अध्यक्ष-तातेड ग्रुप, साउथ एशिया ईन्फ्रास्ट्रक्चर प्रा.लि., रिद्धि खोला हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि., विशाल प्लाष्टो क्याव इण्डष्ट्रिज प्रा.लि., संचालक-अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि., रैराङ्ग हाइड्रो पावर डेभलपमेन्ट कम्पनी प्रा. लि., अरुण काबेली हाइड्रोपावर लि. । साथै वहाँ सिभिल इन्जिनियरको हैसियतमा नेपाल सरकारको सिंचाई विभागमा करिव एक वर्ष संलग्न, कन्ट्रक्सन सेक्सन चिफको हैसियतमा कृषि विकास बैंक लि. मा करिब २४ वर्ष संलग्न । | व्यापार व्यवसाय |
| ४ | ई. शैलेन्द्र गुरागाई बुढानिलकण्ठ नगर पालिका, गोल्फुटार वडा नं. १०, काठमाण्डौं | संचालक ( सर्वसाधारण समुह) | नेपाली | - | २,८३,९०८ | २,८३,९०८ | ५२ बर्ष | एम. एस्सी.-इन्जिनियरिङ्ग, इ-एमबिए. | अध्यक्ष-स्वतन्त्र उर्जा उत्पादक संघ नेपाल (IPPAN), सदस्य-उर्जा समिति, एफएनसिसिआइ तथा उर्जा समिति, च्याम्बर अफ कमर्श, सदस्य- नेपाल इन्जिनियर्स एसोसिएशन तथा नेपाल इन्जिनियरिङ्ग काउन्सिल, आजिवन सदस्य-मित्र कुन्ज, अध्यक्ष-बरुण हाइड्रो पावर कम्पनी लि., अरुणभ्याली हाइड्रो पावर डेभलपमेन्ट कम्पनी लि., संचालक- | व्यापार व्यवसाय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सिउरी न्यादी पावर प्रा. लि., रिभरफल्स पावर लि., सुभम पावर लि.। नेपालमा हाइड्रोपावर विकाशमा लामो अनुभव तथा योगदान । जनता बैंक नेपाल लि. मा सात वर्ष लामो संचालक भई कार्य गरेको अनुभव । स्कूल अफ इन्भाइरो नमेण्टल साइन्समा कार्यकारी अध्यक्ष भई १५ वर्ष कार्य गरेको अनुभव । | |
| ५ | श्री शारदा शर्मा पुडासैनी का.म.न.पा. वडा नं. ४, बालुवाटार | संचालक ( सर्वसाधारण समुह) | नेपाली | - | ८५,८३७ | ८५,८३७ | ५० बष | वाणिज्य शास्त्रमा स्नातक | संचालक-ईन्फोहब पब्लिकेशन प्रा.लि., ट्राभलहब प्रा. लि., अध्यक्ष - श्रीकृष्ण प्रणामी महिला समिति, श्रीकृष्ण प्रणामी बाल आश्रम । नारायणी नेशनल फाइनान्स कं. लि. मा लामो समय कार्य गरेको तथा व्यापार तथा समाजसे वामा लामो अनुभव । | व्यापार व्यवसाय |
| ६ | श्री दीपक नेपाल सिर्जनानगर वडा नं. १, भक्तपुर | संचालक ( सर्वसाधारण समुह) | नेपाली | - | ४,७३३ | ४,७३३ | ५७ बर्ष | वाणिज्य शास्त्रमा स्नातक | गुँरास लाईफ इन्स्योरेन्स कं. लि.मा संचालक भई कार्य गरेको अनुभव, प्रवर्धक- विभिन्न हाइड्रोपावर तथा उद्योग र व्यापारिक संघ संस्थाको लामो अनुभव । | नोकरी |
| ७ | श्री ओमकृष्ण जोशी धोविघाट, ल.पु. उप-म.न.प.वडा न. ४, ललितपुर | संचालक विशेषज्ञ | नेपाली | - | १५,६४२ | १५,६४२ | ६८ बर्ष | एम.कम .बि.एल. | सगरमाथा इन्स्योरेन्स कं. लि.मा संचालक भई कार्य गरेको अनुभव, साविक नारायणी नेशनल फाइनान्स लि. मा मिति ३ वर्ष संचालक भई कार्य गरेको अनुभव, साविक नारायणी फाइनान्स लि. मा ९ वर्ष प्रबन्ध संचालक भई कार्य गरेको अनुभव, नेपाल कृषि अनुसन्धान परिषदमा ५ बित्त निर्देशक भई कार्य गरेको अनुभव,कृषि विकाश बैंकमा करिब २६ वर्ष विभिन्न पदमा रहि कार्य गरेको अनुभव रहेको र उक्त बैंकको विभागीय प्रमुख हुँदा अवकाश लिएको, हाल बैंकको व्यावसायिक विशेषज्ञ (स्वतन्त्र) संचालक रहनु भएको । | अवकाश प्राप्त |

**(२)संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile)र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| **क्र.सं.** | **संगठित संस्थाको नाम र ठेगाना** | **संक्षिप्त विवरण** | **ग्रहण गरेको शेयर संख्या** | **संगठित संस्थाको संचालकहरुको नाम र ठेगाना** |
|---|---|---|---|---|
| १. | श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड कालिमाटी, काठमाण्डौं । | नेपाल सरकारले तोकेको तथा अनुदानमा सर्वसाधारण जनताको उपयोगको लागि अति आवश्यक दैनिक उपभोग्य सामाग्रीहरु जस्तैः नुन,तेल, ग्यास, लगायतका दैनिक उपभोग्य सामाग्रीहरु विदेशबाट आयात गरी सुपथ मूल्यमा सर्वसाधारणलाई बिक्री वितरण गर्ने । | संस्थापक ६,२५,४७५ कित्ता | १. श्री लक्ष्मीदास मानन्धर - **अध्यक्ष** ठहिठी, काठमाण्डौं ।<br>२. श्री नवराज ढकाल - **संचालक** (प्रतिनिधि, सह-सचिव बाणिज्य तथा आपूर्ति मन्त्रालय)<br>३. श्री योगेन्द्र गौतम - **संचालक** (प्रतिनिधि, महाप्रबन्धक, नेशनल ट्रेडिङ्ग लिमिटेड)<br>४. श्री कल्याण गोविन्द श्रेष्ठ - **संचालक** सर्वसाधारण<br>५. श्री किर्ती कुमार जोशी - **संचालक** सर्वसाधारण<br>६. श्री अतुल मल्ल - **संचालक** सर्वसाधारण<br>७. श्री प्रदिप लाल श्रेष्ठ - **संचालक** सर्वसाधारण<br>८. श्री अन्जन श्रेष्ठ - **संचालक** सर्वसाधारण<br>९. श्री राजेन्द्रमान शेरचन - **संचालक** सर्वसाधारण |
(ख)ट्रष्टी (डिबेन्चर निष्काशनको हकमा)– डिबेन्चर ट्रष्टीको सेवा प्रदान गरे बापत श्री सिद्धार्थ क्यापिटल लिमिटेडलाई बार्षिक रु.२५,०००/– (अक्षरुपी पच्चिस हजार रुपैया मात्र) सेवा शुल्क बापत भुक्तानी दिइनेछ ।

(ग) क्रेडिट रेटिङ्ग शुल्क –केयर रेटिङ्ग नेपाल लिमिटेडलाई डिबेन्चर निष्काशनको लागि क्रेडिट रेटिङ्ग सेवा प्रदान गरे बापत एकमुष्ठ रु.१०,१७,०००/–(अक्षरुपी दश लाख सत्र हजार मात्र) र ऋणपत्र अवधि सम्मको लागि प्रति बर्ष रु.१,००,०००/– (अक्षरुपी एक लाख मात्र) का दरले भुक्तानी दिइनेछ ।

(घ) प्रत्याभूतिकर्ता– सो नभएको ।

(ङ) विज्ञहरु– यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा सन्राइज बैंक लिमिटेड आफैं रहेको छ र यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री मदन निरौला एण्ड को. का चार्टर्ड एकाउन्टेन्ट्स् सि.ए. श्री मदन कुमार निरौला रहनु भएको छ ।

(च) लेखापरीक्षक– यस बैंकको आ.ब.०७५/०७६ को लेखापरिक्षण कार्य पि.एल. श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टटेण्ट्सले गरेको हो ।

(छ) अन्य –ऋणपत्रधनीहरुलाई ऋणपत्र **DMAT** खातामा जम्मा गरिदिने व्यवस्था गरिएको छ ।

**(ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धीविवरण:**

सो नभएको ।

**(घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :**

सो नभएको ।

**(ङ) धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी व्यबस्था :**

**(१) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्र बाँडफाँट गरिनेछ र ऋणपत्र बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि कुनै पक्षले (व्यक्तिगत तवर/ सर्वसाधारण) सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई (व्यक्तिगत तवर/ सर्वसाधारण) खरिद गर्ने व्यवस्था गरिनेछ ।

**(२)अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था** : यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको बाँडफाँटमा नपरेको ऋणपत्र बापत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरि फिर्ता भुक्तानी गरिनेछ ।

(३) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** लागु नहुने ।

(४) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि:**निष्काशन गरिने ऋणपत्र प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरी सूचिकरण भए पश्चात् सम्बन्धित ऋणपत्रधनीको हितग्राही **(Demat)** खातामा जम्मा गरिनेछ ।

(५) **धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** बैकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बाँडफाँड पश्चात सूचिकरण गरिने छ ।

(६) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यबस्था सम्बन्धी विवरण :**यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यबस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**(च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(१)धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

सो नभएको ।

**(२)धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

सो नभएको ।

(छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

**(१)धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदका लागि आवेदन गरी बाँडफाँट भए पश्चात कायम ऋणपत्रधनीहरुले कम्पनीको बार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैन् ।

**(२)नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र बैंकको रजिष्टर्ड कार्यालय, सन्राइज प्लाजा,गैह्रिधारा क्रसिङ्ग, काठमाण्डौं धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

ख. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र अधिकतम ३,००,००० (तीन लाख) कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ । न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतममा ३,००,००० (तीन लाख) कित्ताऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ । तर व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा अधिकतम् हद लागु हुने छैन ।

ग. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/–(एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ ।

**(३)आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानकोलागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**सर्वसाधारण तर्फबाट आवेदन दिँदा पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु :**

क. कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख. दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

ग. आवेदकले आवेदन दिँदा आस्वा (ASBA)सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवदेन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।

घ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

ङ. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

च. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित आस्वा (ASBA)सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।

**व्यक्तिगत तवर(Private Placement)बाट बिक्री गरिन ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१. कुनै पनि नेपाली नागरिक तथा संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यसै बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।

२. आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

३. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ ।

४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/– को दरले हुन आउने रकम बराबरको सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

६. रु.१०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN)खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**ग.११.सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्नलिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क)संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति** : कारोबार नभएको ।

**(ख)आधारभूत शेयरधनी :** कारोबार नभएको ।

**(ग)खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

**(घ)संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**(ङ)संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** सो नभएको ।

**(च)कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** सो नभएको ।

**ग.१२.विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** सो नभएको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**(क)संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :**

| **आर्थिक बर्ष** | **अधिकतम शेयर मुल्य (रु.)** | **न्यूनतम शेयर मुल्य (रु.)** | **अन्तिम शेयर मुल्य (रु.)** | **शेयर कारोवार शेयर संख्या (हजारमा)** |
|---|---|---|---|---|
| **२०७३/७४** | | | | |
| पहिलो त्रैमासिक | १०२४ | ६२० | ६३९ | २३५९.६७ |
| दोस्रो त्रैमासिक | ६४० | ४४२ | ४९२ | ४७८.५०३ |
| तेस्रो त्रैमासिक | ६०५ | ३९२ | ५७० | १०७६.९८८ |
| चौथो त्रैमासिक | ५९६ | ३६३ | ३९६ | १२१४.०७२ |
| **२०७४/७५** | | | | |
| पहिलो त्रैमासिक | ४०८ | ३५४ | २६७ | ६५४.७१ |
| दोस्रो त्रैमासिक | ३०९ | २५८ | २२५ | ८६२.५६५ |
| तेस्रो त्रैमासिक | ३३१ | २६३ | २४४ | ४६३.०११ |
| चौथो त्रैमासिक | २८१ | २१६ | २३० | ६९२.३६१ |
| **२०७५/७६** | | | | |
| पहिलो त्रैमासिक | २७० | २१३ | २४५ | ९२५.६४८ |
| दोस्रो त्रैमासिक | २५० | २११ | २१५ | ४८०.२९७ |
| तेस्रो त्रैमासिक | २४२ | २०३ | २३५ | ८७८.६२८ |
| चौथो त्रैमासिक | २७७ | २३२ | २४८ | १,१९६.९३२ |

नोट :शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत जानकारी सकिनेछ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या हजारमा | कारोबार दिन |
|---|---|---|---|---|---|
| **२०७६ भाद्र** | २३४ | २२२ | २२९ | १९३.९३१ | २४ |
| **२०७६ श्रावण** | २६० | २३२ | २३३ | १९३.४०८ | २२ |
| **२०७६ आषाढ** | २६३ | २४५ | २४८ | २५०.८६४ | २३ |
| **२०७६ जेष्ठ** | २७१ | २५२ | २५२ | ३१६.५१६ | २० |
| **२०७६ बैशाख** | २७७ | २३२ | २५९ | ६२९.५५२ | २१ |
| **२०७५ चैत्र** | २४२ | २१३ | २३५ | ४९०.४२७ | १९ |

नोटः शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत जानकारी लिन सकिनेछ ।

**ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण:**

खुद मुनाफा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन नरहेको । उक्त विवरण पत्र तथा बैंकको वास्तविक विवहरुको तुलना निम्न अनुसार रहेको छ ।

**वासलात**

| विवरण | प्रक्षेपित आ.व. २०७५/७६ | वास्तविक आ.व. २०७५/७६ | फरक रकम | फरक प्रतिशत |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| नगद तथा नगद समान | १,५५० | ६,३५७ | (४,८०७) | (३१०.१३) |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने रकम | ३,५६१ | ३,२४१ | ३२० | ८.९९ |
| बैंक तथा वित्तीय संस्थामा गरेको लगानी (प्लेसमेन्ट) | ५,१३८ | १,१६५ | ३,९७३ | ७७.३३ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण | - | ९४ | - | |
| अन्य व्यापारिक सम्पत्तिहरु | - | - | - | |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | १,६४९ | १,१५० | ४९९ | ३०.२६ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ७३,०८१ | ६८,८६६ | ४,२१५ | ५.७७ |
| लगानी | १२,७४९ | ११,७२४ | १,०२५ | ८.०४ |
| यस आ.व. को आयकर सम्पत्ति | - | ८५ | - | |
| सहायक कम्पनीमा लगानी | १५७ | १५७ | - | |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - | |
| लगानी सम्पत्ती (इन्भेष्टमेन्ट प्रोपर्टि) | ८२ | ३९८ | (३१६) | (३८५.३७) |
| सम्पत्ति तथा उपकरण (स्थिर सम्पत्ति) | ९२८ | ९१९ | ९ | ०.९७ |
| गुडवील (ख्याती) र अर्मुत सम्पत्ति | ८० | ६८ | १२ | १५.०० |
| स्थगन कर सम्पत्ति | ५३ | ३ | ५० | ९४.३४ |
| अन्य सम्पत्ति | १,११४ | ३८४ | ७३० | ६५.५३ |
| **जम्मा सम्पत्ति** | **१००,१४२** | **९४,६११** | **५,५३१** | **५.५२** |
| **दायित्व** | **प्रक्षेपित आ.व. २०७५/७६** | **वास्तविक आ.व. २०७५/७६** | **फरक रकम** | **फरक प्रतिशत** |
| बैंक तथा वित्तिय संस्थालाई तिर्न बाँकी | २,६०६ | ३,८०९ | (१,२०३) | (४६.१६) |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ५२५ | ८४० | (३१५) | (६०.००) |

| | | | | |
|---|---|---|---|---|
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण | – | – | – | |
| ग्राहकबाट निक्षेप दायित्व | ८२,५४८ | ७५,४३२ | ७,११६ | ८.६२ |
| सापटी | – | – | – | |
| यस वर्षको आयकर दायित्व | – | – | – | |
| व्यवस्थाहरु | – | – | – | |
| स्थगन कर दायित्व | – | – | – | |
| अन्य दायित्व | १,२०० | १,२६३ | (६३) | (५.२५) |
| जारी गरिएको ऋणपत्र | १,००० | ९९६ | ४ | ०.४० |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | – | – | – | |
| **कूल दायित्व** | **८७,८८०** | **८२,३४१** | **५,५३९** | **६.३०** |
| **पूँजी** | – | | | |
| शेयर पूँजी | ८,१५३ | ८,१५३ | – | |
| शेयर प्रिमियम | १२७ | १२७ | – | |
| संचित मुनाफा | १,२८६ | १,१७५ | १११ | ८.६३ |
| जगेडा कोषहरु | २,६९७ | २,८१५ | (११८) | (४.३८) |
| **शेयरधनीहरुलाई वाँडफाँड योग्य कूल इक्विटी** | **१२,२६३** | **१२,२७०** | **(७)** | **(०.०६)** |
| **गैर नियन्त्रित स्वार्थ** | – | – | – | |
| **कूल इक्विटी** | **१२,२६३** | **१२,२७०** | (७) | |
| **कूल दायित्व र इक्विटी** | **१००,१४२** | **९४,६११** | **५,५३१** | **५.५२** |

**नाफा नोक्सान हिसाब**

| विवरण | प्रक्षेपित आ.व. २०७५/७६ | वास्तविक आ.व. २०७५/७६ | फरक रकम | फरक प्रतिशत |
|---|---|---|---|---|
| व्याज आम्दानी | ९,३८७ | ९,२०६ | १८१ | १.९३ |
| व्याज खर्च | ६,२१५ | ५,६२१ | ५९४ | ९.५६ |
| **खुद व्याज आम्दानी** | **३,१७२** | **३,५८५** | **(४१३)** | **(१३.०२)** |
| शुल्क तथा कमिशन आम्दानी | ६६५ | ७८२ | (११७) | (१७.५९) |
| शुल्क तथा कमिशन खर्च | १७१ | १२० | ५१ | २९.८२ |
| **खुद शुल्क र कमिशन आम्दानी** | **४९४** | **६६२** | **(१६८)** | **(३४.०१)** |
| **खुद व्याज, शुल्क र कमिशन आम्दानी** | **३,६६६** | **४,२४७** | **(५८१)** | **(१५.८५)** |
| खुद व्यापारिक आम्दानी | – | २६५ | (२६५) | |
| अन्य संचालन आम्दानी | ३९९ | ६५ | ३३४ | ८३.७१ |
| **जम्मा संचालन आम्दानी** | ४,०६४ | **४,५७६** | **(५१२)** | **(१२.६०)** |
| कर्जा जोखिम व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी | –६५ | १०४ | (१६९) | २६०.०० |
| **खुद संचालन आम्दानी** | **४,१२९** | **४,४७३** | **(३४४)** | **(८.३३)** |
| **संचालन खर्च** | – | – | – | |
| कर्मचारी खर्च | १,०९६ | १,१५० | (५४) | (४.९३) |
| अन्य संचालन खर्च | ५३६ | ६३० | (९४) | (१७.५४) |
| ह्रास कट्टी र परिषोधन | १४४ | १४१ | ३ | २.०८ |
| **संचालन मुनाफा** | **२,३५३** | **२,५५१** | (१९८) | (८.४१) |
| गैर संचालन आम्दानी | १० | १ | ९ | ९०.०० |
| गैर संचालन नोक्सान | – | ४६ | (४६) | |
| **आय कर अघिको मुनाफा** | **२,३६३** | **२,५०६** | **(१४३)** | **(६.०५)** |
| **आयकर खर्च** | **७०९** | ८०० | (९१) | (१२.८३) |

| | | | | |
|---|---|---|---|---|
| चालु कर | ७०९ | ७६२ | (५३) | (७.४८) |
| स्थगन कर | - | ३८ | (३८) | |
| **यस अवधिको मुनाफा** | **१,६५४** | **१,७०६** | **(५२)** | **(३.१४)** |
| **प्रति शेयर आम्दानी** | **२०.२९** | **२०.९४** | **(१)** | **(४.९३)** |

**ग.१५.परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरणः**

**(क)लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नामतथा ठेगाना :**

- **लेखापरीक्षक**
  यस बैंकको आ.ब.०७५/०७६ को लेखापरिक्षण कार्य पि.एल. श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स्ले गरेको हो ।

  **निष्काशन बैंक** (Bankers to the Issue) **:**
  यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा सन्राइज बैंक लिमिटेड, गैह्रीधारा, काठमाण्डौ रहने छ । साथै आवश्यकता अनुसार निष्काशन बन्द भएको मितिले ३ दिन भित्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस ऋणपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।
- **निष्काशन कार्यसँग संलग्न बैंक**
  "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो व्यबस्था लागूनहुने ।
- **प्रक्षेपित वित्तीय विवरण तयार पार्ने बिज्ञ**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने बिज्ञमा निष्काशनकर्ता कम्पनी आफै रहेको छ ।
- **प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञको नाम तथा ठेगाना**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञ श्री मदन निरौला एण्ड को. का चार्टर्ड एकाउन्टेन्ट्स् सि.ए. श्री मदन कुमार निरौला रहनु भएको छ ।

**(ख) माथि खण्ड १५(क) मा उल्लेखित संस्था वा व्यक्तिसँग सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु**

- **लेखापरीक्षक** :सो नभएको ।
- **निष्काशन बैंक** (Bankers to the Issue) :निष्काशित ऋणपत्रमा लगानीकर्ताहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक (Bankers to the Issue) मा खोलिएको ऋणपत्र खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रहन्छ ताकी सो रकम फिर्ता भुक्तानी गर्दा कुनै प्रकारको झन्झट नरहोस् ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः** सो नभएको ।

**ग.१७.मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा ब्यबस्थापनको धारणः** हाल सम्म संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** :हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

(ग) **विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरुः** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा एक विशेष कक्षको ब्यबस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत श्री सन्दिप कार्कीलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ४४२०९२४ मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरणः** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशनसम्बन्धी विवरण :**

**(क) यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "**१०.२५% सन्राईज डिबेन्चर–२०८३**" निष्काशन गर्न शर्तहरु देहाय बमोजिम रहेकोछ :**

(अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ ।

(आ) **ऋणपत्रको अवधि(Maturity Period):** यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँड भएको दिनबाट ७ (सात) बर्षको सहुनेछ सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।

(इ) **निष्काशन गरिने ऋणपत्रको रकम :** प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका ३० लाख कित्ता ऋणपत्रले हुनआउने कुल रु. ३ अर्व ऋणपूँजी रकममध्ये रु. १२० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका १२ लाख कित्ता ऋणपत्र (सो मध्ये ५% अर्थात ६०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपाली साथै नेपाली संघ संस्था वा कम्पनीको लागि सार्वजनिक निष्काशन तथा रु.१ अर्व ८० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु. १,०००।- अंकित मूल्यका १८ लाख कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिनेछ ।

(ई) **ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र ७ (सात) बर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) **ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :** यस ऋणपत्रको वार्षिक व्याजदर १०.२५% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐनअनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आ.व.को प्रथम अर्ध वार्षिक (पुस मसान्त) र द्वितीय अर्ध वार्षिक (असार मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । व्याज रकम भुक्तानी दिदां प्रथम अर्धवार्षिक (पुस मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक आ.व.को माघ १ गतेदेखि र द्वितीय अर्धवार्षिक (असार मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम आ.व.को साउन १ गतेदेखि भुक्तानी गरिनेछ ।

(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष(Debenture Redemption Reserves) सम्बिन्धि व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित ७ (सात) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा कम्पनीको नाफा नोक्सान बाँडफाँड हिसाब खाता **(Profit & Loss Appropriation A/c)** बाट ऋणपत्र निष्काशन भएको पहिलो बर्ष देखि ७ (सात) बर्ष सम्म वार्षिक रु ४२,८५,७१,४२९/- का दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तरण गरिनेछ । कम्पनीले कुनै आर्थिक बर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो बर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ । यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ ।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार यस भन्दा अघि निष्काशन गरीएको ऋणपत्रमा हाल सम्ममा ऋणपत्र भुक्तानी जगेडा कोष मा रकम नरहेको तर आउने वर्षेहरुमा वार्षिक रु. २० करोड ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गर्ने व्यवस्था गरीएको छ ।

(ए) **ऋणपत्रवालाको अधिकार :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्न ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ । तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ ।

(ऐ) **ऋणपत्रको व्याज भुक्तानी गर्ने स्थान :** यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित व्याज रकम सन्राइज बैंक लिमिटेडको कुनैपनि शाखाबाट आफनो ऋणपत्रको प्रमाणपत्र र व्याज भुक्तानी पूर्जा पेश गरी भुक्तानी लिनसक्ने गरी निष्काशन गरिएको छ । यसको अतिरिक्त ऋणपत्रधनीलाई आफ्नो खातामा सोझै ब्याज रकम जम्मा गर्ने सहुलियत समेत दिइने छ ।

**(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण **(Unsecured Debt)** भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ताको कुल रकम रु. ८६.८९ अर्ब (आषाढ २०७६) भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण **(Subordinate Debt)** भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक **(Specific Charge)** अधिकार हुने छैन ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरु:**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने ब्यबस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको ब्यबस्था गरिएको छ ।

**(अ) ट्रष्टीको नाम तथा ठेगाना :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री सिद्धार्थ क्यापिटल लि., काठमाण्डौ रहेको छ ।

**(आ) ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा ब्यक्तिगत तवरबाट विभिन्न ब्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री सिद्धार्थ क्यापिटल लिमिटेड, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत बार्षिक रु.२५,०००/–(अक्षरुपी पच्चीस हजार रुपैंया मात्र)का दरले एकमुष्ठ रु. १,७५,०००/– (अक्षरुपी एक लाख पचहत्तर हजार रुपैंया मात्र)ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ ।

**(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको ब्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग बिभागका प्रमुख श्री रिकेश श्रेष्ठलाई सम्पर्क ब्यक्तिको रुपमा तोकेको छ । निजले एमबिएसम्मको शैक्षिक योग्यता हासिल गरी करिब ६ बर्ष भन्दा बढी मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ ।

**(ई) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको ब्यवस्था :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क ब्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्:
गुनासो सुन्ने अधिकारीको नामः सन्दिप कार्की
इमेलःsandeep@siddharthacapital.com
फोन नं.०१-४४२०९२४

**(उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको ब्यबस्था अनुरुप मिति २०७६/०५/०४ मा सम्झौता गरिएको छ ।

**(ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :** ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

**(ए) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

**(ऐ) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमासो उपलब्ध गराउने सम्बन्धमा गरिएको ब्यबस्था :**ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने ब्यबस्था गरिएको छ ।

**(ओ) अन्य :**
- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** को अनुगमन गर्ने ।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने ।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको ब्यबस्था :** सो नभएको ।

(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएका “१०.२५% सन्राइज डिबेञ्चर-२०८३” ऋणपत्र निष्काशनको मुख्य उद्देश्य बैंकको व्यवसाय वृद्धिको लागि हुनेछ । यस विवरण–पत्रमार्फत निष्काशन गर्न लागिएको “१०.२५% सन्राइज डिबेञ्चर २०८३” बिक्री गरी संकलन भएको रकम बैंकले आवश्यकता अनुसार कर्जा तथा लगानीमा उपयोग गर्नेछ ।

(च) **जारी पूँजी चुक्ता भएको/नभएको :** कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

(छ) **यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :**
यस भन्दा अगाडी बैंकले २०७५/१२/२० मा रु. १ अर्ब बराबरको ५ बर्ष अवधिको बार्षिक १०% ब्याजदर भएको ऋणपत्रहरु जारी गरेको थियो ।

(ज) **अन्य : नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागी दिएको शर्तहरु :**
१. कुनै पनि सुरक्षण नराखी “१०.२५ % सन्राइज डिबेञ्चर २०८३” निष्काशन गर्नुपर्ने ।

२. ऋणपत्रको अवधि ७ बर्षको हुने ।
३. प्रस्ताव बमोजिम ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धबार्षिक भुक्तानी गर्नुपर्ने, ऋणपत्रको वार्षिक ब्याजदर १०.२५% हुनुपर्ने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।
४. बैंक बिघटन भएको अवस्थामा "१०.२५% सन्राइज डिबेञ्चर २०८३" को भुक्तानी निक्षेपकर्ताभन्दा पछि मात्र हुने ।
५. "१०.२५% सन्राइज डिबेञ्चर २०८३" जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल धितोपत्र बिनिमय बजारमा सूचीकृत गर्नुपर्ने ।
६. सन्राइज बैंक लिमिटेड. बाहेक अन्य बैंक तथा बित्तीय संस्थाबाट उक्त बण्ड धितो राखी ऋण लिन सकिने ब्यवस्था गर्नुपर्ने ।
७. "१०.२५% सन्राइज डिबेञ्चर २०८३" निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।
८. "१०.२५% सन्राइज डिबेञ्चर २०८३" को रकम भुक्तानी गर्न प्रयोजनको लागि Redemption Reserve को व्यबस्था यस बैंकको निर्देशन बमोजिम गर्नुपर्ने ।
९. Private Placement को आधारमा विक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नु पर्ने ।
१०. यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यबस्था गर्नुपर्ने ।

**२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी ब्यबस्थाः** नभएको ।

**२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरीसो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको छ । यस वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरुपुनरावलोकन गर्ने विशेषज्ञ श्री मदन निरौला एण्ड को. का चार्टर्ड एकाउन्टेन्ट्स् सि.ए.श्री मदन कुमार निरौला रहनु भएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारणः**

**संचालक परिवर्तन भएको कारण :**

| नाम | पद | विवरण | लागू मिति |
|---|---|---|---|
| श्री रामकृष्ण मानन्धर | संचालक | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १८ को उपदफा १(ङ) बमोजिम अयोग्य | २०७४/०१/२८ (राजिनामा) |
| श्री ओमकृष्ण जोशी | व्यवसायिक विषेशज्ञ संचालक | सो पद खाली रहेको कारणले | २०७३/०९/०९ (पदबहाली) |

**लेखापरिक्षक परिवर्तन भएको कारण :** २०७२/७३ मा पराक्रम शर्मा एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्ले लगातार ३ बर्षलेखापरीक्षण गर्नु भएकोले पुन नियुक्तिको लागी योग्य नरहेको र पि.एल.श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस् नियुत्ति गरिएको जानकारी गराउन चाहन्छौ ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
नामः श्री ईश्वर कुमार पाठक
ठेगानाः झापा जिल्ला, शिवसताक्षी नगरपालिका वडा नं. १
योग्यताः एम. एस्सी., एम. ए

**(घ) ऋणपत्र निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
**संचालक समितिको मिति २०७६/०३/१० मा बसेको ३१८ औं र मिति २०७६/०३/२७ मा बसेको ३२० औं बैठकको निर्णयः**
नेपाल राष्ट्र बैंकद्वारा जारी Capital Adequacy Framework 2015 मा तोकिए वमोजिम "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा पूँजीकोषको गणना आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्यूनतम पूँजीकोषको अनुपात ११% कायम गर्नुपर्ने व्यवस्था रहेको र बैंकको पूँजीकोष पर्याप्ततालाई सुनिश्चित गरी बैंकिङ्ग व्यवसाय बृद्धि गर्न आवश्यक पर्ने थप पूँजीको व्यवस्थालाई नियमित गर्दै जान तथा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, २०७५ को इ.प्रा.निर्देशन नं. १६ को बुदाँ ५ अनुसार तोकिएका शर्तहरु पूरा गरेको ईजाजतपत्रप्राप्तसंस्थाले बढीमा आफ्नो प्राथमिक पूँजीको शत प्रतिशतसम्मको डिबेञ्चर/अन्य ऋण उपकरण जारी गर्न सक्ने व्यवस्था रहेको र यस बैंक सो निर्देशन बमोजिम डिबेञ्चर जारी गर्नका लागि योग्य रहेकोले ७ वर्षको डिबेञ्चरको ब्याजदर १०.२५% सम्म निर्धारण गरी रु. ३ अर्ब रकमको "१०.२५% सन्राइज डिबेञ्चर २०८३" जारी गर्न स्वीकृति भएको ।

साथै उक्त डिबेञ्चर जारी गर्नको लागि जे जो गर्नुपर्ने सम्पूर्ण कार्य गर्न बैंकका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय भएको ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः**

सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**

कार्यालय समयभित्र निम्नस्थानहरुमा सम्पर्क राखिबैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, सन्राइज प्लाजा,गैह्रिधारा क्रसिङ्ग,काठमाण्डौं ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि ऋणपत्र सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रति ऋणपत्र रु.१,०००/– अंकित मुल्यका कुल १२,००,००० लाख कित्ता ऋणपत्र संख्याको ५% अर्थात ६०,००० कित्ता ऋणपत्रहरु सामुहिक लगानी कोषको लागि छुट्टयाएर सुरक्षित गरिएको छ । यसरी छुट्टयाएको ऋणपत्र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाडंफांड गरिनेछ ।

**(झ) बैंकले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषणः**

बैंकले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने बैंकको उद्घोषण रहेकोछ । साथै यस बैंकले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व.०७४/०७५ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस बैंक अद्यावधिक रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य रहेको सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्नेछन् ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था** :

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले न्यून कर्जा जोखिम **(Low Credit Risk)**जनाउने**' CARE-NP A-'**ग्रेडिङ्ग मिति २०७५/०५/२६ (२०१९/०९/१२) मा प्रदान गरेको छ । साथै यस बैंकलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले **"CARE-NP A-"**ग्रेडिङ्ग प्रदान गरेको छ, उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमा वित्तीय दायित्व पुरा गर्ने तथा न्यून कर्जा जोखिम रहने संस्थाको रुपमा लिईन्छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) स्थापनाकाल देखी नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।

२) दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी ।

३) द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको ।

**(ढ) शेयर रजिष्टार सम्वन्धि व्यवस्था :**

यस विवरणपत्र माफर्त ऋणपत्रको निष्काशन गरी नेपाल स्टक एक्सचेन्ज लिमिटडेमा सची्करण पश्चात दस्तखत रुजु, ऋणपत्रको नामसारी आदि सम्बन्धी कार्य यस कम्पनीको कायार्लय वा कम्पनीले नियक्तु गर्ने ऋणपत्र रजिष्ट्ारको कायार्लयबाट हुने गरी व्यवस्था मिलाइनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा ३० दिन सम्म खुल्ला रहने छ । **व्यक्तिगत तवर (**Private Placement**)** बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ ।

**ग.२३. विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोतीलाल दुगड (संस्थापक समूह "क") | अध्यक्ष | |
| २ | ई. बच्छराज तातेड (संस्थापक समूह "क") | संचालक | |
| ३ | श्री मालचन्द दुगड (संस्थापक समूह "क") | संचालक | |
| ४ | ई. शैलेन्द्र गुरागाई (सर्वसाधारण समूह "ख") | संचालक | |
| ५ | श्री शारदा शर्मा पुडासैनी (सर्वसाधारण समूह "ख") | संचालक | |
| ६. | श्री दीपक नेपाल (सर्वसाधारण समूह "ख") | संचालक | |
| ७. | श्री ओमकृष्ण जोशी (स्वतन्त्र संचालक) | संचालक | |

३.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

**Siddhartha Capital Limited**
Investing happiness

**Regd. No.: 1326/068/069, PAN: 600380326**
P.O. Box No: 21200
Narayanchaur, Naxal, Kathmandu, Nepal
Phone: +977-1-4420924/4420925
Fax: +977-1-4420929
Email-scl@siddharthacapital.com
Website: www.siddharthacapital.com

**Ref: SCL/076/077/ MB/191**

मिति : २०७६/०५/२२

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २, गैरीधारा, रजिष्टर्ड कार्यालय रहेको सनराइज बैंक लिमिटेडले निष्काशन गर्न लागेको कुल ३०,००,००० कित्ता ऋणपत्र (१२,००,००० कित्ता सार्वजनिक निष्काशन तथा १८,००,००० कित्ता व्यक्तित तवर (Private Placement) बाट ) अंकित मूल्य रु. १,०००/– कायम गरी निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । ऋणपत्रको निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार ऋणपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ समक्ष पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीले निष्काशन गर्न लागेको ऋणपत्रका लागि आवेदन दिने आवेदकहरुलाई ऋणपत्र सम्बन्धी व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
सिद्धार्थ क्यापिटल लिमिटेडको तर्फबाट
नाम : ध्रुव तिमिल्सिना
पद : प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप :

३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भएसो सम्बन्धी पत्र :

**Madan Niraula & Co.**
Chartered Accountants

East of Singh Durbar
Tanka Prasad Ghumti Sadak, Anamnagar
GPO Box : 8262, Kathmandu-32, Nepal
E-mail : madanniraula@gmail.com

## सनराइज बैंक लिमिटेडको

### वित्तीय प्रक्षेपणको पुनरावलोकन प्रतिवेदन

हामीले सनराइज बैंक लिमिटेडको यसै साथ संलग्न आर्थिक वर्ष २०७५।७६ को अपरिष्कृत वास्तविक तथा आ.व. २०७६।७७, २०७७।७८ र २०७८।७९ को वित्तीय प्रक्षेपणको पुनरावलोकन गरेका छौं । संलग्न वित्तीय प्रक्षेपणहरु निम्न आधारमा तयार गरिएका छन् :

- बैंकको आ.ब.२०७२।७३, २०७३।७४ तथा २०७४।७५ को लेखापरीक्षण गरिएका वित्तीय विवरणहरु तथा आ.व. २०७५।७६ को आषाढ मसान्तको अपरिष्कृत वित्तीय विवरण,
- आ.ब. २०७६।७७ को स्वीकृत वजेट,
- बैंकद्धारा हामीलाई उपलब्ध गराइएका सूचना तथा स्पष्टीकरणहरु,
- बैंकले अवलम्वन गरेको वित्तीय विवरण प्रतिवेदन मान तथा तिनमा आधारित लेखा नीतिहरु,
- संम्लग्न टिप्पणीमा उल्लेख गरिएका प्रक्षेपणका मुख्य आधार तथा मान्यताहरु ।
- व्यवसायिक कार्ययोजना ।

बैंकको भविष्यको वास्तविक वित्तीय नतिजा प्रक्षेपित आंकडाहरुसंग मिल्दो जुल्दो रहने कुरा नियमनकारी निकायहरुद्धारा जारी भएका/हुने निर्देशनहरुका आधारमा बैंक व्यवस्थापनले समायोजन गरेमा सोको कारणले वित्तीय विवरणमा पर्ने असर लगायत प्रक्षेपणका आधारहरु तथा मान्यताहरुमा आउने परिवर्तनमा भर पर्नेछ । संलग्न वित्तीय प्रक्षेपण बैंकले १०.२५ प्रतिशत ७ वर्षिय डिवेञ्चर निष्काशन गर्ने प्रयोजनको लागि प्रकाशित हुने विवरणपत्रमा समावेश गरिने तथ्य हाम्रो जानकारीमा छ ।

Madan Niraula & Co. Kathmandu Chartered Accountants

..............
सिए. मदन कुमार निरौला

मिति : २०७६।०५।२०
स्थान : काठमाण्डौं